तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको आ.व. २०८०।०८१ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन

१. वित्तीय विवरणः

(क) **त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरणः**

यस आ.व.२०८०।०८१ को तृतिय त्रैमासिक अवधि १७ जुलाई २०२३ देखि ३१ मार्च २०२४ सम्मको वैधानिक लेखापरीक्षण हुनु पूर्वको अपरिष्कृत वित्तीय विवरण तथा गत आ.व. २०७९।०८० को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तीय विवरणको तुलनात्मक वित्तीय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु निम्नानुसार रहेका छन् :**

प्रमुख वित्तीय सुचाकहरु	आ.व. २०८०।०८१ को तृतिय त्रैमासिक अवधिको अन्त्यमा (लेखापरीक्षण नभएको)	गत आ.व. २०७९।०८० को तृतिय त्रैमासिक अवधिको अन्त्यमा (लेखापरीक्षण नभएको)
प्रति शेयर आम्दानी/(नोक्सानी)	१६.९९	१२.६६
प्रति शेयर नेटवर्थ	१३७.१९	१२७.२४
P/E ratio	४६.७२	३६.७३
प्रति शेयर कूल सम्पत्तिको मूल्य	२०८.२२	१९४.२७
तरलता अनुपात	१.९०	१.७५

२. व्यवस्थापकीय विश्लेषणः

(क) आ.व.२०८०।०८१ को तृतिय त्रैमासिक अवधी २०८० माघ, फागुन र चैत्र महिना समेत ३ महिनामा यस होटलमा पर्यटकीय व्यवसायिक गतिविधि तथा क्रियाकलापहरु सुधारात्मक रहेको छ । अध्यागमन विभागले प्रकाशित गरेको तथ्यांक अनुसार समिक्षा अवधिको जनवरी महिनामा जम्मा ७९,१००, फेब्रुवरी महिनामा जम्मा ९७,४२६ र मार्च महिनामा जम्मा १२८,१६७ जना पर्यटकहरु हवाई मार्फत नेपाल भित्रिएका थिए । सो मध्ये समिक्षा अवधिमा सबै भन्दा बढि संख्या जम्मा ८०,४१२ भारतिय पर्यटकको थियो । उपलब्ध तथ्यांक अनुसार गत वर्षको सोही समिक्षा अवधिमा जम्मा २,२७,७५७ जना पर्यटकहरु भित्रिएका थिए । उक्त तथ्याङ्क र यस वर्षको सोहि समिक्षा अवधिमा देश भित्र भित्रिएका पर्यटकको संख्या तुलना गर्दा यस वर्ष पर्यटकहरुको संख्या ३३.७८ प्रतिशतले वृद्धि भएको देखिन्छ । नेपाल भित्रीने पर्यटकहरुको संख्यामा वृद्धि भए सँगै यस होटलको पनि तृतिय त्रैमासिक अवधिमा अक्युपेन्सि दर अघिल्लो वर्षको सोहि अवधिको तुलनामा वृद्धि भएको देखिन्छ । यसै गरी आगामी दिनहरुमा नेपालको पर्यटकीय क्षेत्रमा सुधार आउँदै गए यस होटलको व्यवसायमा आउँदा त्रैमासिक अवधिमा पनि थप सुधार आउने देखिन्छ ।

(ख) आ.व. २०८०।०८१ को तृतिय त्रैमासिक अवधिको अन्त्य अर्थात ३१ मार्च २०२४ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्ष २०७९।०८० को सोही अवधिसँग तुलानात्मक रुपमा विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा १२ प्रतिशतको महत्वपूर्ण वृद्धि भएको छ । गत आ.व. २०७९।०८० को तृतिय त्रैमासिक समिक्षा अवधिमा कुल आम्दानी रु. १०१.५ करोड, कर्मचारी बोनस, CSR र कर अघिको खुद नाफा रु. ३५.३० करोड रहेकोमा यस आ.व. २०८०।०८१ को तृतिय त्रैमासिक समिक्षा अवधिमा होटलको व्यवसायमा उल्लेख्य वृद्धि भएको हुदाँ समिक्षा अवधिमा कूल आम्दानी रु १२.४४ करोडले बढेर रु ११३.९ करोड हुन गई कर पछिको खुद नाफा रु. ३३.३३ करोड रहेको छ ।

(ग) कम्पनीको व्यवस्थापकिय कार्य कुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्य कौशलता, रणनीतिक कार्यक्षमता र व्यवस्थापकिय सुझबुझका साथ व्यावसायिक कार्य सम्पादन गर्ने कार्य दक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूँजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन् ।

(घ) आर्थिक वर्ष २०८०।८१ को आगामी त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिको सन्दर्भमा विश्व पर्यटनका गतिविधिहरुमा समेत उल्लेख्य रुपमा अभिवृद्धि भई विश्वको अन्तराष्ट्रिय पर्यटक आवागमनमा समेत महत्वपूर्ण वृद्धि भईरहेको तथा विश्वका अन्तराष्ट्रिय वायुसेवा प्रदायक एयरलाइन्सहरुका अन्तराष्ट्रिय व्यावसायिक उडानहरु नियमित रुपमा संचालित भई रहेको परिप्रेक्षमा नेपालको पर्यटन बजार पनि लाभान्वित हुने अपेक्षा गरिएको छ ।

आर्थिक वर्ष २०८०।८१ को आगामी त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय वृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यवसायिक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटलको अक्युपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अवलम्बन गरी आम्दानी अभिवृद्धि गर्नेछ भने होटल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजार खण्डमा सुक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरुको कुशलता पुर्वक संचालन जारी राख्नेछ ।

३. कानूनी कारवाही सम्बन्धी विवरणः

(क) यस आ.व. २०८०।०८१ को तृतीय त्रैमासिक अवधिमा कम्पनीले कसै विरुद्ध मुद्दा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

(ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

(ग) हालसम्म कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः

(क) शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । शेयर कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छः

विवरणहरु	आ.व. २०८०।०८१ को तृतीय त्रैमासिक अवधि	आ.व. २०७९।०८० को तृतीय त्रैमासिक अवधि
अधिकतम मूल्य रु.	९०४	५०७
न्यूनतम मूल्य रु.	७३०.१०	३६९.६०
अन्तिम मूल्य	७९३.५०	४६५
कारोबार भएको कूल दिन	६१	५५
कुल कारोबार संख्या	४,४७३	६,१८१
कुल कारोबार शेयर संख्या	६,१९,४७८	१७,७७,२२७

५. समस्या तथा चुनौतीः

(क) समस्या तथा चुनौतीहरुः

(१) **आन्तरिक समस्याहरुः** यस कम्पनीमा आन्तरिक कुनै पनि समस्या रहेको छैन ।

(२) **बाह्य समस्याहरुः**

- पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक उतार चढाव तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी हुने यात्रा प्रतिकुलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभाव ।
- युवा जनशक्ति विदेश पलायन भईरहदा देशभित्र दक्ष कार्य शक्तीको अभाव भएको र होटललाई आवश्यक परेको समयमा कौशल कामदारहरु पाउन जटिल हुने ।
- पर्यटन व्यवसाय र मनोरञ्जन क्रियाकलाप अन्तरसम्बन्धित रहेकोमा आधुनिक परिवेशमा आम युवाहरुले खोज्ने आधुनिक मनोरञ्जनका क्रियाकलापहरु जस्तै सांगितिक कन्सर्ट, महोत्सव, इन्टरटेन्मेन्ट सोहरु इत्यादि संचालन गर्न भैन्नुपर्ने कानुनी जटिलता ।
- विलासिता कर लगाउनाले पाँचतारे होटलमा बस्दा ग्राहकहरुको खर्च बढ्ने भएकाले होटलमा स्थानिय तथा स्वदेशी ग्राहकको संख्या कम हुने ।
- देशमा नयाँ नयाँ पाँच तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धा बढेको तर त्यसै अनुरुप गुणस्तरीय पर्यटक आगमनमा वृद्धि नहुनु ।
- पर्यटन सम्बन्धी भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु, सर्वसुलभ यातायातको सुविधा नहुनु ।
- विदेशी मुद्राको विनिमयमा भईरहने उतार चढाव ।
- अप्रत्याशित रुपमा पर्यटन क्षेत्रमा हुने श्रम समस्याहरु जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव ।
- अप्रत्याशित रुपमा घट्ने पर्यटक प्रतिकुलताका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरु, प्राकृतिक तथा दैविक प्रकोपहरुको प्रभाव ।

(ख) रणनीतिः

- अतिथिहरुलाई प्रदान गरिएका सेवाहरु र अनुभवहरुको स्तरलाई स्तरोन्नति गर्न होटलका कोठाहरु तथा उपलब्ध गराईने सुविधाहरुमा समय अनुकुल सुधार ल्याउने जसका कारण स्वदेशी तथा विदेशी अतिथिहरुको नेपालमा रोजाइको होटल तारागाँउ रिजेन्सी होटल्स बनोस ।
- होटल परिसरमा कर्पोरेट सभा, सामाजिक, शैक्षीक तथा सांगितिक कार्यक्रमहरु संचालन गर्न थप आकर्षण ।
- सम्भावित प्राकृतिक तथा दैविक प्रकोपहरुबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनलाई मध्यनजर गर्दै प्रतिकुल अवस्थामा पनि व्यवसायको निरन्तरताको लागि आवश्यक कार्यहरु गर्ने ।
- होटलमा कार्यरत कर्मचारिहरुलाई अतिथिलाई उच्चस्तरीय सेवा प्रदान गराउन विभिन्न तालिमहरु आयोजना गर्ने ।
- कम्पनीका सम्पूर्ण संयन्त्रहरुको समुचित सदुपयोग गरी होटल संचालन तथा व्यवस्थापन न्युनतम खर्चमा गर्दै स्वदेशी तथा विदेशी ग्राहकहरुलाई अर्न्तराष्ट्रियस्तरको गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न नयाँ बजार तथा गुणस्तरीय ग्राहकहरुको खोजी गर्ने ।
- अन्य बाह्य समस्या तथा चुनौतीहरुलाई सामना गरि त्यसलाई अवसरको रुपमा लिई कम्पनीको हितमा प्रयोग गर्न उच्च व्यवस्थापन सदैव सक्रिय रहने ।
- कम्पनीको व्यवसायलाई समय समयमा मुल्याङ्कन गरि व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार व्यवस्थापनमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने ।
- ग्राहकहरुलाई अर्न्तराष्ट्रिय स्तरको गुणस्तरीय सेवाहरु प्रदान गर्दै, थप ताजगी तथा नयाँपन प्रदान गर्नको लागि होटलको आवश्यक मर्मत, सुधार तथा सम्भार, रंग रोगन आदि जारी राख्ने ।

६. संस्थागत सुशासन

यस कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ । साथै आन्तरिक नियन्त्रण तथा नियमन प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ । कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने र संचालक समितिले आवश्यक निर्देशन दिने गर्दछ । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

अनुसूचि-१

Statement of Financial Position

As on March 31, 2024 Third Quarter (Fiscal Year 80-81)

Amount in NRS

Particulars	Unaudited As on 31-March-24	Unaudited As on 31-Dec-23	Unaudited As on 31-March-23
Assets			
Non Current Assets:			
Property, Plant and Equipment	1,728,178,864	1,716,222,556	1,715,521,664
Right of Use	38,408,811	38,911,458	40,905,657
Intangible Assets	656,866	800,951	137,336
Work in Progress	13,458,016	686,915	11,514,518
Total Non-Current Assets	**1,780,702,557**	**1,756,621,880**	**1,768,079,175**
Current Assets:			
Inventories	20,133,432	19,136,094	18,926,576
Trade and Other Receivables	199,263,089	206,325,325	179,377,727
Advance & Deposit	243,587,120	291,307,374	215,195,807
Investment	1,400,075,383	1,699,373,292	1,327,378,903
Cash and Cash Equivalents	441,843,661	154,472,944	156,177,416
Total Current Assets	**2,304,902,685**	**2,370,615,029**	**1,897,056,429**
Total Assets	**4,085,605,242**	**4,127,236,909**	**3,665,135,604**
Equity & Liabilities			
Equity:			
Share Capital	1,962,120,160	1,886,654,000	1,886,654,000
Reserves	729,709,832	861,050,982	513,940,252
Total Equity	**2,691,829,992**	**2,747,704,982**	**2,400,594,252**
Liabilities:			
Non Current Liabilities:			
Employee Benefits	61,907,695	62,077,630	64,686,330
Deferred Tax Liabilities	85,218,592	85,218,591	83,918,727
Lease Liability	44,971,132	44,765,822	44,368,142
Total Non-Current Liabilities	**192,097,419**	**192,062,043**	**192,973,199**
Current Liabilities			
Unsecured Loans	30,240,320	30,240,320	38,810,817
Trade and Other Payables	1,021,116,203	885,816,085	984,610,572
Employee Benefit and Provisions	150,321,308	271,413,479	48,146,764
Advance from Customers	-	-	-
Total Current Liabilities	**1,201,677,831**	**1,187,469,884**	**1,071,568,153**
Total Liabilities	**1,393,775,250**	**1,379,531,927**	**1,264,541,352**
Total Equity and Liabilities	**4,085,605,242**	**4,127,236,909**	**3,665,135,604**

Statement of Profit & Loss Account

Particulars	Unaudited Period Ended 31-March-24	Unaudited Period Ended 31-Dec-23	Unaudited Period Ended 31-March-23
Revenue from Operations	1,009,697,813	638,553,836	906,176,809
Other Income	130,282,128	75,658,291	109,370,337
Total Income	**1,139,979,941**	**714,212,127**	**1,015,547,146**
Operational Expense and Other Costs of Operation	457,610,130	331,818,852	456,566,991
Administrative Overhead	200,278,577	117,221,215	205,906,910
Profit Before Depreciation, Amortization and Tax	**482,091,234**	**265,172,060**	**353,073,245**
Depreciation and Amortization Expenses	58,876,322	34,537,407	49,777,236
Profit Before Tax	**423,214,912**	**230,634,653**	**303,296,009**
Current tax	89,933,169	49,009,864	64,450,402
Deferred tax (Income)/ Expense	-	-	-
Profit After Tax	**333,281,743**	**181,624,789**	**238,845,607**

Note: *If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly.*